# छविसपाथिभेरा गाउंपालिका, ग्रामीण जलस्रोत व्यवस्थापन परियोजना, तेस्रो चरण

**२०७६**



## आर्थिक वर्ष २०७५/०७६ को

## वार्षिक

# प्रगति प्रतिवेदन


छविसपाथिभेरा गाउंपालिका
गाउंकार्यपालिकाको कार्यालय
व्यांसी बझाङ्ग
सुदुरपश्चिम प्रदेश, नेपाल

ग्रामीण जलस्रोत व्यवस्थापन
परियोजना
प्राविधिक सहयोग इकाई
बझाङ्ग


सहजिकरण संस्था : सामाजिक तथा प्राविधिक बिकास सेवा समुह (GSTDS)

## विषय सूची

आर्थिक वर्ष २०७५÷०७६ को प्रगती सारांश ........ 2
१. पृष्ठभूमी ........ 4
२. लक्ष्य बमोजिम उपलब्धी ........ 5
२.१. जलउपयोग गुरुयोजना ........ 5
२.२. भौतिक प्रगति ........ 5
२.४. जीविकोपार्जन कार्यक्रम ........ 7
३. अनुगमन तथा प्रतिवेदन ........ 9
४. प्रगती समीक्षा तथा योजना तर्जुमा ........ 11
५. नीति तर्जुमा ........ 12
६. सहकार्य ........ 12
७. आइपरेका समस्याहरु ........ 13
अनुसूची १ : यस आ.व.मा संचालित योजनाहरुको विवरण ........ 14
अनुसूची २ : यस आ.व.मा संचालित तालिमहरुको विवरण ........ 17
अनुसूची २.१ : परीयोजना द्धारा तेस्रो चरणमा सम्पन्न भएका योजनाहरु MUS/WSS तथा अन्य योजनाहरुको अवस्था ........ 18
अनुसूची २.२ : गत वर्ष ०७४।०७५ सम्मको पेश्की÷वेरुजु वांकीको अवस्था ........ 19
अनुसूची २.३ : आर्थीक बर्ष ०७५।०७६ मा थप भएको समेत कुल पेश्की÷बेरुजु वांकीको अवस्था ........ 20
अनुसूची ३ : गाउँपालिकाका नमूना उपलब्धीहरु तथा सफलताका कथाहरु ........ 21
अनुसूची ४ : भिजिबिलिटी ........ 24
अनुसूची ५ : जनशक्ति विवरण ........ 24

## तालिका सूची

तालिका १ : जलउपयोग गुरुयोजना तर्जुमाको प्रगति स्थिति
तालिका २ : यस आर्थिक वर्षमा हासिल गरिएको भौतिक उपलब्धी
तालिका ३ : लक्ष बमोजिम भौतिक उपलब्धी हासिल हुन नसक्नुको कारण
तालिका ४ : क्षमता विकास तर्फ प्रशिक्षित जनशक्तिको विवरण सारांश
तालिका ५ : घरबारी व्यवस्थापन गर्ने घरधुरी विवरण
तालिका ६ : आयआर्जन सम्बन्धी विवरण
तालिका ७ : सहकारी सम्बन्धी विवरण
तालिका ८ : योजनास्तरमा गरिएको अनुगमनको विवरण
तालिका ९ : गाउँपालिकाबाट परियोजनामा पेश भएका प्रतिवेदनहरु
तालिका १० : अनुगमनमा औंल्याइएका सुझावहरुको कार्यान्वयन
तालिका ११ : गाउँपालिका परियोजना व्यवस्थापन समितिको बैठक
तालिका १२ : परियोजनासँग सम्बन्धित कृयाकलापहरुमा सहकार्य
तालिका १३ : आइपरेका समस्याहरु तथा समाधानका प्रयासहरु

## आर्थिक वर्ष २०७५/०७६ को प्रगती सारांश

| | |
|---|---|
| **स्थानीय तहको नाम:** | छविसपाथिभेरा गाउँपालिका व्याँसी, बझाङ्ग |
| **परियोजनाको नाम :** | ग्रामीण जलस्रोत व्यवस्थापन परियोजना, तेस्रो चरण |
| **प्रतिवेदनको समयावधी** | १ श्रावण २०७५ देखी ३१ आषाढ २०७६<br>(16th July 2018 to 16th July 2019) |

**क. आर्थिक प्रगती सारांश**

| | शीर्षक | बजेट | निकासा | खर्च | खर्च % |
|---|---|---|---|---|---|
| **परियोजनाको लागि यस आ.ब.को कुल बजेट तथा खर्चको अवस्था** (रु हजारमा) (दातृ निकाय, नेपाल सरकार तथा स्थानीय तह समेत) | पूँजीगत | १६६४२.०० | १६६४२.०० | १६६४२.०० | १०० |
| | कार्यक्रम/चालु: | ८१३५.०० | ८१३४.६० | ७८६२.२९ | ९६।६५ |
| | **जम्मा** | २७७७७.०० | २४७७६.६० | २४५०४.२९ | ९८।९० |

| | लगानीको स्रोत | बजेट | निकासा | खर्च | खर्च % |
|---|---|---|---|---|---|
| **श्रोतगत रुपमा आर्थिक बर्षको बजेट तथा खर्चको अवस्था** (रु हजारमा) | स्थानीय तह | ७०००.०० | ७०००.०० | ७०००.०० | १०० |
| | नेपाल सरकार | ८७१०.०० | ८,७१०.०० | ८७०९.९९९ | १०० |
| | दातृ निकाय (GoF/EU) | ९०६७.०० | ९०६६.४० | ८७९४.२९४ | ९७०० |
| | **जम्मा** | २४७७७.०० | २४७७.६४ | २४५०४.२९ | ९८।९० |
| | उपभोक्ताको Cash | २४७७७.०० | २४७७.६४ | २४५०४.२९ | ९८।९० |
| | उपभोक्ताको Kind | १०६१.०१ | ४२५.०१ | ४२५.०१ | १०० |
| | **जम्मा** | १४१६३.११ | ७२७६.७७ | ७२७६.७७ | १०० |
| | **कुल जम्मा** | १५२२४.१३ | ७७०१.७९ | ७७०१७.९३ | १०० |

**ख. भौतिक प्रगती सारांश**

| नतिजा क्षेत्र | आर्थिक वर्षको बुँदागत प्रमुख उपलव्धी |
|---|---|
| **नतिजा १ : खानेपानी, सरसफाइ तथा स्वच्छता** | o ४ वटा खानेपानी तथा सरसफाई योजना सम्पन्न भई ५६३ जनसंख्या तथा १२२० विद्यार्थीहरु लाभान्वित भएको ।<br>o ६ वटा खानेपानी तथा सरसफाई योजनाहरुको ( १ वटा विद्यालय र ५ वटा समुदाय ) सम्झौता भई आ.व. २०७६।७७ मा सम्पन्न गर्ने गरि क्रमागत रुपमा सञ्चालन भईरहेका छन् ।<br>o ५ वटा क्रमागत समुदाय योजनाहरु मध्ये ४ वटा योजनाहरु निजिधारा प्रणाली अनुसार सम्झौता गरि करिव ५० प्रतिशत काम अगाडी बढेको छ ।<br>o समुदायलाई शुद्धपानी उपलब्ध गराउनको लागि १० वटा खानेपानी योजनाको पानीको गुणस्तर परिक्षण गरिएको छ ।<br>o ६ वटा खानेपानी तथा सरसफाई योजनाले मासिक रुपमा रु. ५० देखि ८० सम्म पानी महशुल संकलन गरि पानी सुरक्षा योजनाका सम्पूर्ण क्रियाकलापहरु सम्पन्न गरिएको छ ।<br>o ४ वटा खानेपानी तथा सरसफाई योजनाहरुमा निर्माण पश्चात्का क्रियाकलापहरु सञ्चालन गरिएको छ । |



GOVERNMENT OF NEPAL EUROPEAN UNION पा ना

| | |
|---|---|
| | o ३१५ वटा घरधुरीले मेसिनरी चाङ्ग जुठ्यान निर्माण गरि सफा र स्वच्छ नमुना घर तयार गरिएको छ। <br> o ५०८ वटा SDA हरुको पहिलो, दोस्रो तेस्रो र चौथो घरभेट ( पुरानो र नयाँ फर्मेट ) गरि ५०८ घरपारिवारको पूर्ण सरसफाई सम्बन्धि आनीवानीमा सुधार गर्न सहयोग पुगेको छ। <br> o वडा नं १ को १ वटा टोल पूर्ण सरसफाई घोषणा गरी २ वटा टोलहरु पूर्ण सरसफाई युक्त टोल घोषणा गर्न तयारी गरिएको छ। |
| **नतिजा २ : जीविकोपार्जन प्रवर्द्धन** | o १० वटा घरवारी व्यवस्थापन कृषक समुह गठन गरि ६ वटा समुहहरु दर्ता गरिएको छ । <br> o ६ वटा घरवारी व्यवस्थापन कृषक समुहका जम्मा १६० जना कृषकहरुलाई आधारभुत घरवारी व्यवस्थापन तालिम तथा विउविजन वितरण गरिएको छ। <br> o २ वटा घरवारी व्यवस्थापन समुहका ५५ जना कृषकहरुलाई आधारभुत घरवारी व्यवथापन पुर्नताजकिय तालिम तथा विउँविजन वितरण गरिएको छ। <br> o १४ जनालाई अगुवा कृषक तालिम सञ्चालन गरि व्यावशायिक तरकारी खेतीमा उन्मुख भएका छन्। <br> o ६ जनालाई बहुउद्धेश्यि नर्सरी नाईके तालिम सञ्चालन गरि व्यवसथित नर्सरी स्थापना गरिएको। <br> o २० वटा प्लाष्टिक घरहरु वितरण गरि कृषकहरुलाई व्यवशायिकरण तिर उन्मुख हुन सहयोग गरिएको छ। <br> o ६ जनालाई व्यावशायिक च्याउ उत्पादन तालिम सञ्चालन गरिएको छ। <br> o ८ जना प्लाष्टिक घर धनीहरुलाई व्यवशायिक योजना सम्बन्धि अभिमुखिकरण गोष्ठि सञ्चालन गरिएको छ। |
| **नतिजा ३ : जलवायु परिवर्तन अनुकुलन/प्रकोप जोखिम न्यूनीकरण** | o जलवायू परिवर्तन अनुकुलन तथा प्रकोप जोखिम न्यूनीकरण सम्बन्धि गाउँपालिका स्तरीय गोष्ठि सञ्चालन गरिएको छ। <br> o ४ वटा खानेपानी योजनाको संरचना निर्माण गर्दा प्रकोप जोखिम व्यवस्थापन र न्यनिकरण गर्ने पद्धति अबलम्बन गरिएको छ। |
| **नतिजा ४ : क्षमता विकास** | o सबै वडामा वडा स्तरिय खानेपानी सरसफाई तथा स्वच्छता समन्वय समिति र गांउपालिका स्तरिय खानेपानी सरसफाई तथा स्वच्छता समन्वय समिति गठन गरि सरसफाइ तथा स्वच्छता कार्यक्रम सञ्चालन गरिएको छ। <br> o वडा स्तरीय खानेपानी सरसफाई तथा स्वच्छता समन्वय समितिबाट खानेपानी, सरसफाई तथा जिविकोपार्जन सम्बन्धि अनुगमन गर्ने गरिएको छ। <br> o दिगोबिकास लक्ष्य बमोजिम सुधारिएको खानेपानी ( निजि धारा ) निर्माण योजनाको सुरुवात गरिएकोछ। <br> o समुदायलाई सफा र स्वच्छ पिउनेपानीको सुनिश्चितताको पहुच बृद्धिकालागि गांउपालिकामा आधारभुत स्तरको पानि परिक्षण प्रयोगशाला स्थापना गरि खानेपानी योजनाको मुहानहरुको इन्फो किटबाट पानीको गुणस्तर परीक्षण गर्ने गरिएको छ।. <br> o योजनाको भौतिक संरचनाहरुको गुणस्तर सुधार कायम राख्नका लागि गाउँपालिका योजना स्तरीय चरणबद्ध तालिमहरु सञ्चालन गरिएको छ। <br> o योजनाको खरिद व्यवस्थापनका लागि खरिद समितिलाई जिल्ला स्तरीय योजनाको खरिद तथा गुणस्तर व्यवस्थापन सम्बन्धि ३ दिने तालिम तालिम सञ्चालन गरिएको छ। |

| | |
|---|---|
| | o योजना दिगो व्यवस्थापनका लागि उपभोक्ता समितिका पदाधिकारीहरु, ग्रामीण मर्मत सम्भार कार्यकर्ता, सम्बन्धित वडाका वडा अध्यक्षहरु तथा सहकारीका प्रतिनिधिलाई जिल्ला स्तरीय क्षमता विकास सम्बन्धि ३ दिने कार्यशाला सञ्चालन गरिएको छ ।<br>o महिलाहरुको क्षमता विकासका लागि महिला लक्षित कार्यक्रम जस्तै : निर्णयमा महिला विषयक कार्यशाला, महिला हिंसा विरुद्ध सोह्र दिने अभियान, महिला दिवस, हरितालिका तीज विशेष कार्याक्रम जस्ता जनचेतनामुलक कार्यक्रमहरु सञ्चालन गरिएको छ ।<br>o ७ जनालाई सहकारी लेखा, ऋण तथा कार्यालय व्यवस्थापन तालिम सञ्चालन गरि सहकारीको दिगो व्यवस्थापन मा सहयोग पुगेको छ ।<br>o २ जना सरसफाई प्रज्वलक तालिम प्रदान गरि पूर्ण सरसफाईका क्रियाकलापहरु सञ्चालनमा तिव्रता आई पूर्ण सरसफाई सम्बन्धि नमुना घर, टोल, समुदाय घोषणको तयारीका लागि सहजता आएको छ ।<br>o २ जना स्थानीय स्रोत व्यक्तिलाई तालिम प्रदान गरि नमुना घरवारी तथा पोषण यूक्त खानेपानी योजनाहरु कायम गर्न सहयोग पुगेको छ ।<br>o विभिन्न योजनास्तरीय, गाउँपालिका स्तरीय तथा जिल्ला स्तरीय क्षमता विकास तथा जनचेतना मुलक क्रियाकालपहरु जस्तै पानी दिवस, विश्व चर्पी दिवस, नारी दिवस, महिनावारी स्वच्छता व्यवस्थापन दिवस, विश्व वातावरण दिवस, राष्ट्रिय सरसफाई सप्ताह सञ्चालन गरि पूर्ण सरसफाई सम्बन्धि चेतनाको विकास भई पूर्ण सरसफाईयूक्त समुदाय तथा विद्यालय घोषणा गर्न सहयोग पुगेको छ । |

## आर्थिक वर्ष २०७५/०७६ को वार्षिक प्रगति प्रतिवेदन

### १. पृष्ठभूमी

कर्णाली प्रदेश र सुदुरपश्चिम प्रदेशका ग्रामीण क्षेत्रमा **"न्यायोचित, समतामूलक तथा दिगो रुपमा पानीको उपयोगको माध्यमवाट स्थानीय जनताहरुको जीवनस्तर सुधार तथा जीवीकोपार्जनका अवसरहरुको वृद्धि गर्ने"** लक्ष्यका साथ नेपाल सरकार र गणतन्त्र फिनल्याण्ड सरकार बीच सम्झौता भई आर्थिक वर्ष २०६३/०६४ देखि यस क्षेत्रका १० जिल्लाहरु (अछाम, बैतडी, बझाङ्ग, बाजुरा, डडेलधुरा, दार्चुला, डोटी, कैलाली, दैलेख र हुम्ला) मा सफलतापूर्वकनिरन्तर सञ्चालन भइरहेको ग्रामीण जलस्रोत व्यवस्थापन परियोजनो (RVWRMP) राज्यको पुनर्संरचनासँगै नेपालको संविधान २०७२ र स्थानीय सरकार सञ्चालन ऐन २०७४ को मर्म अनुरुप अर्थिक वर्ष २०७४/०७५ को आरम्भ देखिनै स्थानीय सरकार मातहत कार्यान्वयन भईरहेको छ ।

नेपालमा संघीयताको कार्यान्वयन सँगै नेपालको संविधान २०७२ ले परिकल्पना गरे वमोजिम स्थानीय विकास निर्माणको जिम्मेवारी स्थानीय तहको काँधमा आएको छ । संघ र प्रदेशको संयुक्त अधिकार सूचीमा भएका बाहेक स्थानीय तहका विभिन्न २२ वटा अधिकारहरु नेपालको संविधान, २०७२ को अनुसूची ८ मा व्यवस्था गरिएको छ । जस अनुसार स्थानीय स्तरका जनसरोकारका सबै विषयवस्तुहरुको योजना तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्यांकन स्थानीय तहको जिम्मेवारी भित्र पर्दछ ।

यस गाउँपालिकामा परियोजना कार्यान्वयन गर्नको लागि मिति २०७४।०४।१२ स्थानीय पूर्वाधार विभाग (साविक डोलीडार), यस गाउँपालिका र जिल्ला समन्वय समिति बीच समझदारी पत्रमा हस्ताक्षर सम्पन्न भएको हो । सोहि समझदारी पत्रमा उल्लेख भएका बुँदाहरु तथा परियोजनाको स्वीकृत परियोजना कार्यान्वयन निर्देशिका मा उल्लेख भएका प्रावधानहरु मातहत रही आर्थिक वर्ष २०७५/०७६ मा किटान गरिएका लक्ष वमोजिम हासिल गरिएका उपलव्धीहरु, आइपरेका समस्याहरु लगायतका विषयहरुलाई विश्लेशण गरी यो वार्षिक प्रतिवेदन तयार गरिएको छ ।

आर्थिक वर्ष २०७५/०७६ मा परियोजना अन्तर्गत कुल बिनियोजित रकम मध्ये ९९.९९ प्रतिशत रकम निकासा भै **९८.९०** प्रतिशत खर्च भएको छ। जसमध्ये नेपाल सरकार तर्फको **रु. २२ पैंसा मात्र** रकम फ्रिज भएको छ भने दातृ निकाय तर्फको **रु २,७२,३०५।१६**परियोजना कार्यालयमा फिर्ता गरिएको छ।स्थानीय तहको विनियोजित**रु.७०,००,०००। मध्ये रु. ७०,००,०००।** खर्च भएको छ। यस स्थानीय तहमा बजेटको तुलनामा **९८.९०%** आर्थिक प्रगति हासिल भएको छ।

तर्जुमा गरिएका २८ वटा भौतिक निर्माण तर्फका योजनाहरु मध्ये १८ वटा योजनाहरु सम्पन्न भएका छन् भने १० वटा निर्माणाधिन योजनाहरु आगामी बर्ष समेत निरन्तर रुपमा निर्माण कार्य हुने गरी जिम्मेवारी सरी गएका छन्।

यस प्रतिवेदनमा छविसपाथिभेरा गाउँपालिकामा ग्रामीण जलस्रोत व्यवस्थापन परियोजना अन्तर्गत हासिल भएको प्रगती तथा सम्पन्न हुन नसकेकाका क्रियाकलापहरु तथा आइपरेका समस्याहरुलाई संक्षिप्त रुपमा प्रस्तुत गरिएको छ। यस प्रतिवेदनले गाउँपालिका परियोजना व्यवस्थापन समिति तथा परियोजना सहयोग इकाई/परियोजना समन्वय कार्यालयलाई समेत भविष्यमा परियोजनालाई थप प्रभावकारी बनाउनको लागि चाल्नु पर्ने आवश्यक कदमको बारेमा मार्गदर्शन प्रदान गर्ने अपेक्षा गरिएको छ।

## २. लक्ष्य बमोजिम उपलब्धी

### २.१. जलउपयोग गुरुयोजना

यस गाउँपालिकामा आर्थिक वर्ष २०७५/०७६ मा तर्जुमा गर्ने लक्ष राखिएको जलउपयोग गुरुयोजना सम्बन्धमा निम्न बमोजिम प्रगति हासिल भएको छ। जलउपयोग गुरुयोजनासंग सम्बन्धित क्षमता विकासका क्रियाकलापहरु शीर्षकमा उल्लेख गरिएको छ। जलउपयोग गुरुयोजना तयारी कार्य अघिल्लो आ.व.बाट सञ्चालन भएकोले यस बर्षमा वडा स्तरिय योजना तर्जुमा र गाउँपालिका स्तरिय योजना तर्जुमा कार्य सम्पन्न भएको छ। जुन जलउपयोग गुरुयोजना सम्बन्धमा यस आर्थिक वर्षमा भएको प्रगति निम्न बमोजिम रहेको छ।

***तालिका १ : जलउपयोग गुरुयोजना तर्जुमाको प्रगति स्थिति***

| लक्ष्य | प्रगति |
|---|---|
| ▪ टोल स्तरिय योजनाको प्राथमिकिकरण ४ वटा वडाका सबै टोलहरुमा | ▪ ४ वटै वडाका टोलहरुमा योजनाको प्राथमिकिकरण सम्पन्न |
| ▪ वडा नं. १, २ र ३ को वडास्तरिय तथ्यांक तथा योजनाको पून प्रमाणिकरण र पूनरावलोकन | ▪ वडा नं. १, २ र ३ को वडास्तरिय तथ्यांक तथा योजनाको पून प्रमाणिकरण र पूनरावलोकन सम्पन्न |
| ▪ वडा नं.४,५,६ र ७ नं. वडामा वडास्तरिय जलउपयोग गुरुयोजना तथा जिविकोपार्जन कार्यान्वयन सम्बन्धि योजना तर्जुमा कार्यक्रम | ▪ वडा नं.४,५,६ र ७ नं. वडामा वडास्तरिय जलउपयोग गुरुयोजना तथा जिविकोपार्जन कार्यान्वयन सम्बन्धि योजना तर्जुमा कार्यक्रम सम्पन्न |
| ▪ गाउँपालिका स्तरिय जलउपयोग गुरुयोजना तथा जिविकोपार्जन कार्यान्वयन सम्बन्धि गा.पा.स्तरिय योजनाको प्राथमिकिकरण र योजना तर्जुमा कार्यक्रम | ▪ गाउँपालिका स्तरिय जलउपयोग गुरुयोजना तथा जिविकोपार्जन कार्यान्वयन सम्बन्धि गा.पा.स्तरिय योजनाको प्राथमिकिकरण र योजना तर्जुमा कार्यक्रम |

### २.२. भौतिक प्रगति

यस गाउँपालिकामा आर्थिक वर्ष २०७५/०७६ मा भौतिक निर्माण तर्फ हासिल गरिएको प्रमुख उपलब्धी बुँदागत रुपमा निम्न बमोजिम प्रस्तुत गरिएको छ।

१. ४ वटा खानेपानी तथा सरसफाई योजना सम्पन्न गरि ५६३ जनसंख्या तथा १२२० जना विद्यार्थीहरु लाभान्भित भएका छन्।

२. ६ वटा नयाँ खानेपानी तथा सरसफाई योजनाहरु सम्झौता गरी करिव ५० प्रतिशत निर्माण कार्य सम्पन्न भई २४५५ जनसंख्या र ४५० जना विद्यार्थीहरु लाभान्वित हुनेछन्।

२. २ वटा बहुउपयोगि सिचाई योजनाहरु सम्पन्न भई ६१० जना जनसंख्या लाभान्वित भएका छन्।

३. २ वटा नयाँ बहुउपयोगि योजनाहरु सम्झौता भई क्रमागत रुपमा ४० प्रतिशत निर्माण कार्य अगाडी बढि सकेको छ।

४. ५ वटा विद्यालय शौचालय योजनाहरु सम्पन्न भई १७७७ जना विद्यार्थीहरु सरसफाईमा लाभान्वित भई पूर्ण सरसफाई विद्यालय घोषणामा तयारी भएका छन्।

५. ४ वटा सुधारिएको पानी घट्ट समन्पन्न भई ११०४ जना जनसंख्या लाभान्वित भएको पाईएको छ।

६. ३०० वटा सुधारिएको चुल्हो निर्माण गरि १५०० जनसंख्या लाभान्वित भई भरभित्रको धुवा व्यवस्थापन भएको छ।

७. ३१५ वटा मेसिनरी चागं जुठ्यानहरु निर्माण भई १९४९ जनसंख्या पूर्ण सरसफाईमा लाभान्वित भएका छन्।

***तालिका २ : यस आर्थिक वर्षमा हासिल गरिएको भौतिक उपलब्धी***

| क.सं. | योजनाको प्रकार | सम्पन्न गर्ने लक्ष | | हासिल भएको उपलब्धी | | प्रगती प्रतिशत (%) | |
|---|---|---|---|---|---|---|---|
| | | योजना संख्या | लाभान्वित जनसंख्या | योजना संख्या | लाभान्वित जनसंख्या | योजना संख्या | लाभान्वित जनसंख्या |
| १ | खानेपानी योजनाहरु | ४ | १७८३ | ४ | १७८३ | १०० | १०० |
| २ | सिँचाई योजनाहरु | २ | १२०० | २ | १२०० | १०० | १०० |
| ३ | संस्थागत चर्पीहरु (संख्या) | ५ | २६७७ | ५ | २६७७ | १०० | १०० |
| ४ | घरबारी व्यवस्थापन ( घरधुरी) | २४० घरधुरी | १४४० | २३६ घरधुरी | १४१६ | ९८.३३ | ९८.३३ |
| ५ | सुधारिएको चुल्हो (संख्या) | २ | ३०० | २ | १५०० | १०० | १०० |
| ६ | सुधारिएको पानी घट्ट ( संख्या) | ४ | ११०४ | ४ | ११०४ | १०० | १०० |
| ७ | पोखरी संरक्षण | | | | | | |
| ८ | मुल संरक्षण | | | | | | |
| ९ | चाँग जुठयान योजना | ३ | १९४९ | ३ | १९४९ | १०० | १०० |

तपसील बमोजिमको कारणले लक्ष गरिए बमोजिम योजनाहरु सम्पन्न हुन नसकी लक्षीत उपलब्धी हासिल हुन सकेन।

***तालिका ३ : लक्ष बमोजिम भौतिक उपलब्धी हासिल हुन नसक्नुको कारण***

| क.सं. | लक्ष बमोजिम उपलब्धी हासिल हुन नसक्नुको कारण | भविष्यमा यस प्रकारको समस्या आउन नदिनको लागि गाउँपालिका परियोजना व्यवस्थापन समितिको रणनीति |
|---|---|---|
| १ | • समुदाय विच योजनाको मुहान विवादका कारण देउबाँभ्ह ए खानेपानी तथा सरसफाई योजनाको सम्भौत हुन नसक्नु | • योजनामा वडा अध्यक्षको संयोजकत्वमा आमभेलाबाट समस्यमको समाधान गरि प्रतिवद्धता सहितको निवेदन गाउँपालिका परियोजना व्यवस्थापन समितिमा पेश भई सकेको र यो बर्ष गाउँपालिका परियोजना व्यवस्थापन समितिको निर्णय अनुसार उक्त खानेपानीको सट्टा जनप्रिय मा.वि. खानेपानी निर्माण गरिको छ। |

गाउँपालिका भित्र परियोजनाको सहयोगमा सम्पन्न भएका तथा निर्माणाधिन योजनाहरुको सूची अनुसुची १ मा दिइएको छ।

## २.३. क्षमता विकास

आर्थिक वर्ष २०७५/०७६ मा यस गाउँपालिकामा क्षमता विकास तर्फ हासिल भएका प्रमुख उपलब्धीहरु निम्न बमोजिम रहेका छन्।

१. गाउँपालिका स्तरीय जलउपयोग गुरुयोजना गोष्ठि सञ्चालन गरि गाउँपालिकामा गोजनाको प्रथमिकिकरण तथा निर्माण विवाद्मा कमी अएको छ।

२. ७ जनालाई ग्रामीण मर्मत सम्भार कार्यकर्ता तालिम सञ्चालन गरी खानेपानी योजनाका भौतिक संरचना निर्माणमा गुणस्तरीयता कायम भएको छ।

३. ५ वटा योजनाका उ.स.का पदाधिकारी तथा खरिद समिति सदस्यहरुलाई योजनाको खरिद तथा गुणस्तर व्यवस्थापन सम्बन्धि तालिम सञ्चालन गरि योजनाको बाह्य सामग्री खरिद तथा स्थानीय सामग्री संकलनमा मितव्ययित कायम भएको छ ।

४. सरसफाई प्रज्वलक तालिम सञ्चालन गरि गाउँपालिकासँगको सहकार्यमा २ जना प्रज्वलक परिचालन गरि पूर्ण सरसफाईका गतिविधिमा तिव्रता आएको छ ।

५. निर्णयमा महिला विषयक कार्यशाला सञ्चालन गरि गाउँपालिकाले महिला लक्षित कार्यक्रममा बजेट विनियोजन गरि महिला स्वावलम्बन कार्यक्रम तर्फ विकास आएको पाइएको छ ।

६. गाउँपालिका स्तरीय जलवायू परिर्वतन तथा जोखिम विपद् न्यूनिकरण कार्यशाला सञ्चालन गरि गाउँपालिका स्तरवाट निर्माण हुने योजनाहरुमा जोखिम न्यूनिकरण तथा व्यवस्थापन पद्धति लागु गरिएको छ ।

७. व्यावशायिक च्याउ उत्पादन तालिम सञ्चालन गरि ३ जना कृषकहरुले आफ्नो आधारभुत आयआर्जनको रुपमा च्याउ उत्पादन गर्दै आएको पाईएको ड ।

८. १४ जनालाई अगुवा कृषक तालिम सञ्चालन गरि व्याशायिक रुपमा तरकारी खेती गर्न उन्मुख भएका पाइएको छ ।

९. ६ जनालाई बहुउद्धेश्यि नर्सरी नाईके तालिम सञ्चालन गरि ३ वटा व्यवशायिक नमुना नर्सरी स्थापना गरिएको पाईन्छ ।

१०. १ वटा बचत तथा ऋण सहकारीका ७ जना सञ्चालक समितिका पदाधिकारीहरुलाई ऋण, लेखा तथा कार्यालय व्यवस्थापन तालिम तथा कार्यालाय सामग्रीको सहयोग गरी सहकारीको व्यवस्थापनमा विकास भएको छ ।

११. विभिन्न राष्ट्रि तथा अर्न्तराष्ट्रि दिवस, अभियान तथा कार्यशाला गेष्ठिहरु सञ्चालन गरी पूर्ण सरसफाई तथा महिनावारी स्वच्छता व्यवस्थापनमा तिव्र सुधार आएको छ ।

***तालिका ४ :क्षमता विकास तर्फ प्रशिक्षित जनशक्तिको विवरण सारांश***

| क्षमता अभिवृद्धि क्रियाकलाप | दलित महिला | दलित पुरुष | जनजाती महिला | जनजाती पुरुष | अन्य महिला | अन्य पुरुष | जम्मा महिला | जम्मा पुरुष |
|---|---|---|---|---|---|---|---|---|
| खानेपानी योजना चरणवद्ध कार्यपद्धति वमोजिमका तालिम | ५९ | ५५ | ० | ० | ४२८ | २४५ | ४८७ | ३०० |
| सरसफाइ, स्वच्छता तथा महिनावारी व्यवस्थापन सम्बन्धी तालिमहरु | ७ | ४ | ० | ० | ५६ | ५३ | ६३ | ५७ |
| जिवीकोपार्जन तथा सहकारी विकाससंग सम्बन्धित तालिमहरु | ६ | ५ | ० | ० | १४२ | ५१ | १४८ | ५६ |
| स्थानीय स्रोत व्यक्ति विकाससंग सम्बन्धित प्राविधिक तालिमहरु | १ | १ | ० | ० | २ | ७ | ३ | ८ |
| जलउपयोग तथा जीविकोपार्जन कार्यान्वयन गुरुयोजनासंग सम्बन्धित तालिमहरु | २२ | १३ | ० | ० | १२१ | १६२ | १४३ | १७५ |
| नवीकरणीय उर्जा तथा जलवायु परिवर्तन संग सम्बन्धित तालिमहरु | ३ | ३ | ० | ० | २३ | २२ | २६ | २५ |
| गाउँपालिकास्तरीय क्षमता विकास तालिमहरु | ३ | १ | ० | ० | ४१ | १८ | ४४ | १९ |
| **जम्मा** | १०१ | ८२ | ० | ० | ८१३ | ५५८ | ९१४ | ६४० |
| **प्रतिशत् :** | **११** | **१३** | **०** | **०** | **८९** | **८७** | **५८.८१** | **४१.१४** |

तालिमको विस्तृत विवरण अनुसूची २ मा दिइएको छ ।

## २.४. जीविकोपार्जन कार्यक्रम

यस आर्थिक वर्षमा जीविकोपार्जन तर्फ यस गाउँपालिकामा निम्न बमोजिमको प्रमुख उपलब्धी हासिल भएको छ ।

### १. घरबारी:

- १० वटा घरवारी व्यवस्थापन कृषक समुह गठन गरि ६ वटा समुहहरु दर्ता गरिएको छ ।
- ६ वटा घरवारी व्यवस्थापन कृषक समुहका जम्मा १६० जना कृषकहरुलाई आधारभुत घरवारी व्यवस्थापन तालिम तथा विउविजन वितरण गरिएको छ ।
- २ वटा घरवारी व्यवस्थापन समुहका ५५ जना कृषकहरुलाई आधारभुत घरवारी व्यवथापन पुर्नताजकिय तालिम तथा विउँविजन वितरण गरिएको छ ।
- १४ जनालाई अगुवा कृर्षक तालिम सञ्चालन गरि व्यावशायिक तरकारी खेतीमा उन्मुख भएका छन् ।

## २.आयआर्जन :

- १४ जनालाई अगुवा कृर्षक तालिम सञ्चालन गरि व्यावशायिक तरकारी खेतीमा उन्मुख भएका छन् ।
- ६ जनालाई बहुउद्धेशिय नर्सरी नाईके तालिम सञ्चालन गरि व्यवसथित नर्सरी स्थापना गरिएको ।
- २० वटा प्लाष्टिक घरहरु वितरण गरि कृर्षकहरुलाई व्यवशायिकरण तिर उन्मुख हुन सहयोग गरिएको छ ।
- ६ जनालाई व्यावशायिक च्याउ उत्पादन तालिम सञ्चालन गरिएको छ ।
- ८ जना प्लाष्टिक घर धनीहरुलाई व्यवशायिक योजना सम्बन्धि अभिमुखिकरण गोष्ठि सञ्चालन गरिएको छ ।

## ३.सहकारी:

- ७ जनालाई सहकारी सम्बन्धि लेखा, ऋण तथा कार्यालय व्यवस्थापन सम्बन्धि तालिम दिईएको छ ।
- १ वटा सहकारीलाई कार्यालय सामग्रीहरु सहयोग गरिएको छ ।

## ४.लघु उद्यम :

- ६ जनालाई व्यावशायिक च्याउ उत्पादन तालिम सञ्चालन गरिएको छ ।

## ५.स्थानीय स्रोत व्यक्ति उत्पादन :

- ७ जनालाई ग्रामीण मर्मत सम्भार तालिम र २ जनालाई स्थानीय स्रोत व्यक्ति तालिम प्रदान गरिएको छ ।

### तालिका ५ : घरबारी व्यवस्थापन गर्ने घरधुरी विवरण

| वडा नं. | अघिल्लो आ.व. सम्म | | | | यस आ.व. मा | | | | जम्मा | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | दलित | जनजाती | अन्य | जम्मा | दलित | जनजाती | अन्य | जम्मा | दलित | जनजाती | अन्य | जम्मा |
| १ | ० | ० | ३० | ३० | ५ | ० | ४५ | ५० | ५ | ० | ७५ | ८० |
| २ | ० | ० | ० | ० | ११ | ० | ५४ | ६५ | ११ | ० | ५४ | ६५ |
| ३ | ० | ० | ५७ | ५७ | १० | ० | ६० | ७० | १० | ० | ११७ | १२७ |
| ४ | ० | ० | ० | ० | ६ | ० | १५ | २१ | ६ | ० | १५ | २१ |
| ५ | ० | ० | ० | ० | ५ | ० | १२ | १७ | ५ | ० | १२ | १७ |
| ६ | ० | ० | ० | ० | २ | ० | ६ | ८ | २ | ० | ६ | ८ |
| ७ | ० | ० | ० | ० | ० | ० | ५ | ५ | ० | ० | ५ | ५ |
| जम्मा | ० | ० | ८७ | ८७ | ३९ | ० | १९७ | २३६ | ३९ | ० | २८४ | ३२३ |

### तालिका ६ : आयआर्जन सम्बन्धी विवरण

| क्र.सं. | आयआर्जन क्रियाकलापहरु | व्यवसाय गर्ने जम्मा व्यक्ति | | | |
|---|---|---|---|---|---|
| | | दलित | जनजाती | अन्य | जम्मा |
| १ | व्यवसायिक तरकारी तथा मसला खेती | ५ | ० | २५ | ३० |
| २ | व्यवसायिक फलफूल खेती | ५ | ० | १० | १५ |
| ३ | लघुउद्यम व्यवसाय | ० | ० | ५ | ५ |


GOVERNMENT OF NEPAL
EUROPEAN UNION
Ministry for Foreign Affairs of Finland
पा ना

| | | | | | |
|---|---|---|---|---|---|
| ४ | बहुद्देश्यीय नर्सरी व्यवस्थापन | ० | ० | ६ | ६ |
| ५ | एग्रोभेट | ० | ० | ० | ० |
| **जम्मा** | | **१०** | **०** | **४६** | **५६** |

**तालिका ७ : सहकारी सम्बन्धी विवरण**

| क्र.सं. | सूचकहरु | परियोजनाको प्राविधिक सहयोग प्राप्त सहकारीको नाम | |
|---|---|---|---|
| | | बान्नीमष्ठा ऋण सहकारी सं.लि. | मटेला कृर्षि सहकारी संस्था लि. |
| १ | सहकारीमा आवद्ध उपभोक्ता समिति संख्या | ० | ५ |
| २ | शेयर धनीहरुको संख्या | ८१० | २५१ |
| ३ | कुल सम्पत्ती रु. | ६७४६२८५ | १,४२६,५२५ |
| ४ | कुल ऋण लगानी रु | ६१६०५०० | १,३७१,८१० |
| ५ | असुली दर | ९० प्रतिशत | १०० प्रतिशत |
| ६ | खुद नाफा रु | २,२२,४६६ | ३९,५२३ |
| ७ | मर्मत सम्भार कोष विनियोजन रु | १८७३६१३ | ० |
| ८ | जगेडा कोष रु. | ४,३०,५२८ | ६२८०१ |
| ९ | सञ्चालन आत्मनिर्भरता | ११० प्रतिशत | १४५ प्रतिशत |

## ३. अनुगमन तथा प्रतिवेदन

गाउँपालिका तथा स्थानीय पूर्वाधार विभाग बीच सम्पन्न समझदारी बमोजिम यस गाउँपालिकामा परियोजनाका क्रियाकलापहरुको नियमित रुपमा अनुगमन गर्नको लागि मिति २०७५ फागुन ५ गतेकोगाउंपालिका परियोजना व्यवस्थापन समितिको निर्णयानुसार अनुगमन कार्यदल गठन गरिएको छ ।

**तालिका ८: अनुगमन कार्यदलबाट योजनास्तरमा गरिएको अनुगमनको विवरण**

| क्र.सं. | योजनाको नाम | चरणवद्ध कार्यपद्धति वमोजिम गर्नुपर्ने स्थलगत अनुगमन संख्या | स्थलगत अनुगमन गरिएको संख्या | गाउँपालिका कार्यालयवाट अनुगमनमा सहभागि भएको संख्या |
|---|---|---|---|---|
| १. | पैराखोला खानेपानी तथा सरसफाई योजना | १ | १ | १० |
| २ | फुटाढुङ्गा खानेपानी तथा सरसफाई योजना | १ | १ | ११ |
| ३ | देउबाँझ बि खानेपानी तथा सरसफाई योजना | २ | २ | १४ |
| ४ | माझगाउँ सार्कीटोल खानेपानी तथा सरसफाई योजना | २ | २ | १० |
| ५ | सिल्का कोटसैन खानेपानी तथा सरसफाई योजना | २ | २ | १४ |
| ६ | धौलाड खानेपानी तथा सरसफाई योजना | २ | २ | १४ |
| ७ | सत्यवादी मा.वि. खानेपानी तथा सरसफाई योजना | १ | १ | ७ |

| | | | | |
|---|---|---|---|---|
| ८ | बान्नीचौर खानेपानी तथा सरसफाई योजना | १ | १ | ११ |
| ९ | जनप्रिय मा.वि. खानेपानी तथा सरसफाई योजना | २ | २ | ९ |
| १० | परिङ्गाल बहुउपायोगी योजना | २ | २ | १६ |
| ११ | सिल्का बहुउपयोगी योजना | २ | २ | ७ |
| १२ | घट्टेखोला बहुउपायेगी योजना | १ | १ | ७ |
| १३ | जिवजेनी बहुउपयोगी योजना | २ | २ | ७ |
| १४ | सत्यवादी मा.वि शौचालय | १ | १ | ७ |
| १५ | बान्नीचौर मा.वि.शौचालय | १ | १ | ७ |
| १६ | जनप्रिय नि.मा.वि. शौचालय | १ | १ | ५ |
| १७ | जनजागृति आर्दश प्रा.वि. शौचालय | १ | १ | ७ |
| १८ | चन्दोदय मा.वि. शौचालय | १ | १ | ५ |
| १९ | घोगाली खोला सुधारीएको पानी घट्ट | १ | १ | ७ |
| २० | नाउतोला सुधारीएको पानी घट्ट | १ | १ | ५ |
| २१ | गडेल पानी मूल सुधारीएको पानी घट्ट | १ | १ | ५ |
| २२ | बामनडाँडा सुधारीएको पानी घट्ट | १ | १ | ७ |
| २३ | मेसिनरी च्यांग जुठयान | १ | १ | १५ |
| २४ | सुधारिएको चुलो निर्माण | २ | २ | १४ |
| | **जम्मा** | **३३** | **३३** | **२२१** |

***तालिका ९ : गाउँपालिकाबाट परियोजनामा पेश भएका प्रतिवेदनहरु***

| क्र.सं. | प्रतिवेदन | आ.व. पेश गर्नुपर्ने संख्या | समयमा पेश गरिएको प्रतिवेदन संख्या | समयमा पेश गर्न नसकिएको प्रतिवेदन संख्या |
|---|---|---|---|---|
| १ | मासिक आर्थिक प्रतिवेदन (फाँटबारी) | १२ | १२ | |
| २ | चौमासिक प्रगति प्रतिवेदन | ३ | ३ | |
| ३ | वार्षिक प्रतिवेदन | १ | १ | |
| | **जम्मा** | **१६** | **१६** | |

परियोजना सहयोग इकाई तथा परियोजना समन्वय कार्यालयवाट विभिन्न मितिमा गरिएको जलस्रोत विकास कोषको अनुगमनको क्रममा दिइएका सुझावहरुको कार्यान्वयन निम्न बमोजिम गरिएको छ ।

**तालिका १० : अनुगमनमा औंल्याइएका सुझाबहरुको कार्यान्वयन**

| क्र.सं. | अनुगमन मिति | अनुगमन टोलीले दिएको सुझाब | सुझावको कार्यान्वयन विवरण |
|---|---|---|---|

| | | | |
|---|---|---|---|
| १ | २०७६।०१।०९ | o बैसाख महिनाको फाँटवारी रिभाईज गरि वास्तविक आम्दानी र खर्च मिलान गर्नुपर्ने ।<br>o परियोजनाको चालु खर्च र पूजिगत खर्चको गो.भा. फाईलको व्यवस्थापन अलग अलग गर्नुपर्ने । | o बैसाख महिनाको रिभाईज फाँटवारीमा प्रशासनिक खर्च तर्फको ( खर्च शिर्षक २२३११ ) वास्तविक निकासा र खर्च वजेट मिलान गरिएको छ ।<br>o गाउँपालिका लेखापालसँग समनवय गरि चालु खर्च र पूजिगत खर्चको गो.भा. फाईलको व्यवस्थापन अलग अलग गरिएको । |

जलस्रोत विकास कोषको सम्पूर्ण खर्च रकम तोकिएको शीर्षकमा मात्र गरिएको छ । आर्थिक वर्ष २०७५।०७६ मा भएको आम्दानी र खर्च रकमको विवरण गाउँपालिकाको वेवसाइटमा राखिएको छ ।

## ४. प्रगती समीक्षा तथा योजना तर्जुमा

विभिन्न मितिमा परियोजनाका क्रियाकलापहरुको प्रगती समीक्षा तथा परियोजनाको कार्यान्वयनको विषयमा गाउँपालिका परियोजना व्यवस्थापन समितिको बैठक बसी विभिन्न विषयमा छलफल तथा निर्णयहरु गरिएको छ ।

**तालिका११ : गाउँपालिका परियोजना व्यवस्थापन समितिको बैठक**

| बैठक नं. | मिति | प्रमुख छलफल तथा निर्णयहरु |
|---|---|---|
| १ | २०७५।०४।०६ | • सहयोगी संस्था छनौट प्रक्रियाकालागी संक्षिप्त सूचि छनौटका लागी कार्यदलको सिफारिस सम्बन्धमा ।<br>• गाउँपालिका जलस्रोत अधिकृत छनौट प्रतिनिधि पठाउने सम्बन्धमा । |
| २ | २०७५।०५।०८ | • आ.व. २०७४।०७५ को प्रगति समिक्षा सम्बन्धमा<br>• आ.व.२०७५।०७६ को बार्षिक कार्ययोजना सम्बन्धमा<br>• समपुरक र सहकार्य कोष सम्बन्धमा<br>• गाउँपालिका जलस्रोत अधिकृतको नियुक्ति सम्बन्धमा<br>• परियोजना फाकल व्यक्ति सम्बन्धमा |
| ३ | २०७५।०६।०७ | • प्रगति समिक्षा तथा द्वैमासिक कार्ययोजना प्रस्तुति सम्बन्धमा |
| ४ | २०७५।०७।०४ | • असोज महिनाको कामको प्रगति समिक्षा तथा योजनाको प्रस्तुति सम्बन्धमा |
| ५ | २०७५।०८।०५ | • सहयोगी संस्था छनोट, सिफारिस अनुमोदन र छनौट जनाकारी सम्बन्धमा<br>• देउबाझ बि खानेपानी योजना सम्बन्धमा<br>• छोटो अवधिका लागी जिविकोपार्जन प्रवद्धक व्यवस्थापन सम्बन्धमा |
| ६ | २०७५।०९।२४ | • सहयोगी संस्था र गाउँपालिका बिचको सम्झौता सम्बन्धमा<br>• जिविकोपार्जन प्रवद्धकको करार थप सम्बन्धमा<br>• स्थानिय स्रोत व्यक्तिको करार सम्झौता सम्बन्धमा<br>• निर्णयमा महिला तालिम सम्बन्धमा<br>• सुधारिएको चूल्हो सम्बन्धमा<br>• योजना सम्झौता सम्बन्धमा<br>• नमुना अवधारणा र क्षेत्र सम्बन्धमा<br>• पूर्ण सरसफाई प्रज्वलक सम्बन्धमा |
| ७ | २०७५।१०।२० | • मासिक प्रगति समिक्षा सम्बन्धमा । |
| ८ | २०७५।११।०५ | • अर्धबार्षिक प्रगति समिक्षा सम्बन्धमा<br>• अनुगमन कार्यदल गठन सम्बन्धमा |
| ९ | २०७५।१२।१५ | • भेन्डिङ्ग मेसिन उपलव्ध गराउने सम्बन्धमा |

| | | |
|---|---|---|
| १० | २०७५।१२।१९ | • प्रगति समिक्षा सम्बन्धमा<br>• WASH Planतयारी छोटो अवधिको कर्मचारी व्यवस्थापन समबन्धमा<br>• आ.व.२०७६।०७७ को बार्षिक योजना सम्बन्धमा<br>• प्रज्वलकको नियुक्ति सम्बन्धमा<br>• सुधारिएको सुलो निर्माण सम्बधमा |
| ११ | २०७६।०१।२७ | • बैसाग महिनाको प्रगति समिक्षा र जेष्ठ महिनाको कार्ययोजना सम्बन्धमा |
| १२ | २०७६।०२।२२ | • मासिक प्रगति समिक्षा तथा आगामी महिनाको कार्ययोजना सम्बन्धमा<br>• २० औ राष्टिय सरसफाई सम्बन्धमा । |
| १३ | २०७६।०३।१६ | • आ.व. २०७५।०७६ को प्रगति समिक्षा सम्बन्धमा<br>• आ.व. २०७६।०७७ को कार्यक्रम र बजेट समिक्षा र अनुमोदन सम्बन्धमा<br>• पूर्ण सरसफाई समुदाय घोषणा सम्बन्धमा |

## ५. नीति तर्जुमा

गाउँपालिकाले खानेपानी, सरसफाइ, स्वच्छता एवं महिनावारी व्यवस्थापन तथा जीविकोपार्जन प्रवर्द्धन क्षेत्रमा निम्न वमोजिमका नीतिहरु तर्जुमा गरेको छ ।

१.जलस्रोत नियमावली २०७५

२. खानेपानी योजना सञ्चालन तथा मर्मत सम्भार व्यवस्थापन निर्देशिका २०७५

३. मर्यादित महिनावारी स्वच्छता व्यवस्थापन निर्देशिका २०७५

४.सहकारी नियमावली २०७५

५. कृषि व्यवसाय प्रवद्धन ऐन २०७५

६. उपभोक्ता समिति गठन परिचालन तथा व्यवस्थापन सम्बन्धि कार्यविधि २०७५

## ६. सहकार्य

परियोजना कार्यान्वयनको सिलसिलामा परियोजनासँग सम्बन्धित योजना क्रियाकलापहरुमा गाउँपालिकाका विषयगत शाखाहरु र अन्य साझेदार निकायहरुबाट निम्न तालिका बमोजिमको थप आर्थिक तथा प्राविधिक सहयोग (परियोजनाको लागि विनियोजित बजेट भन्दा बाहेक) उपलब्ध भएको छ ।

**तालिका१२ : परियोजनासँग सम्बन्धित कृयाकलापहरुमा सहकार्य**

| क्र.सं. | निकायको नाम | कार्यक्रम | सहकार्यको प्रकार | सहकार्यको रकम रु. (वा बराबर) |
|---|---|---|---|---|
| १ | गाउँपालिका | विद्युतिय स्वचालित सेनेटरी मेसिन जडान | महिनावारी स्वच्छता तथा व्यवस्थापन | ९०,००० । |
| २ | गाउँपालिका महिला शाखा | हरितालिका तिज कार्यक्रम | पूर्ण सरसफाई तथा महिनावारी स्वच्छता व्यवस्थापन सम्बनिध कार्यक्रम सञ्चालनमा सहयोग | २५,००० |
| ३ | गाउँपालिका | २० औ राष्टिय सरसफाई सप्ताह | पूर्णसरसफाई समबन्धि चेतनामुलक कार्यक्रममा पुरुस्कार सहयोग | २०,००० । |
| ४ | गाउँपालिका महिला विकास शाखा | महिला हिंसा विरुद्ध सोह्र दिने अभियान | महिला हिंसा न्यूनिकरण सम्बन्धि कार्यक्रम | २००००। |

| | | | | |
|---|---|---|---|---|
| ५ | GSTDS (सुआहारा कार्यक्रम | अन्तराष्टिय महिला दिवस | कार्यक्रम व्यवस्थापन तथा सञ्चालनमा सहयोग | ३,०००। |

## ७. आइपरेका समस्याहरु

आर्थिक वर्ष २०७५/०७६ मा यस गाउँपालिकामा परियोजना कार्यान्वयनको सिलसिलामा निम्न बमोजिमका समस्याहरु आइपरेका थिए जसको समाधान निम्न उपायहरुवाट गरिएको थियो ।

**तालिका १३ : आइपरेका समस्याहरु तथा समाधानका प्रयासहरु**

| क्र.सं. | समस्याहरु | समाधानका प्रयासहरु |
|---|---|---|
| १. | गाउंपालिका र सहयोगि संस्था बिच सम्झौतामा ढिलाईका कारण बार्षिक कार्ययोजनामा परेका कामहरु समयमै सम्पन्न गर्न नसकिनु । | o गाउँपालिकासंग समन्वय गरि थप जनशक्ति थप गरि कामहरु सम्पन्न गरिएको |
| २. | गाउँपालिका सहयोग ईकाइको कार्यालय सागुरो भएकोले काम गर्न अलि समस्या भएको । | o गाउँपालिकासँग समन्वय गरि समस्या समाधान भई सकेको । |



GOVERNMENT OF NEPAL EUROPEAN UNION Ministry for Foreign Affairs of Finland

संचालित योजनाहरुको विवरण

| योजनाको अनुमानित लागत रु. (GoN+GoF+EU+RM) | यस योजनामा हालसम्म भएको खर्च (रु) (GoN+GoF+EU+RM) | यस आ.व.मा भएको खर्च (रु) (GoN+GoF+EU+RM) | यस योजनामा गाउँपालिकाको खर्च | आगामी आ.व.मा क्रमागत भई जाने | आगामी आ.व.मा हुने खर्चको लक्ष (GoN+GoF+EU+RM) | यस आ.व.मा सम्पन्न आयोजना बाट लाभान्वीत जनसंख्या |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| २८०४१९९।४७ | १९८३४६४ | २१९३३७ | १७६१२७ | | | १८८ |
| ४३८६९५३।०९ | ३०३०५३० | ४५०५३० | २००००० | | | ३७५ |
| ५३६२८१।२१ | ४०२१६२ | ८०३९४ | | | | ५४५ |
| ५३८७१२८।९६ | ३४२८५३ | ६१२९४ | | | | ५४५ |
| ७१७५५६८।३७ | २५१००५१ | २५१००५१ | ३००००० | २५६८२४५।६९ | २५६८२४५।६९ | ५६२ |
| ८३०१६६९।२१ | २३५५५९८ | २३५५५९८ | ३००००० | ३४४१८८३।५ | ३४४१८८३।५ | ६५६ |
| ७४३६४२४।२३ | २२५१४८० | २२५१४८० | ३००००० | २६५५११४।६२ | २६५५११४।६२ | ६३८ |
| ४६२००७९।७५ | ८०३३५४ | ८०३३५४ | २००००० | २२८८६६४।१३ | २२८८६६४।१३ | २४३ |
| ५५७१७९०।७४ | १३०३७७४ | १३०३७७४ | ३५०००० | २८७५४७३।१९ | २८७५४७३।१९ | ३५६ |
| १००३७३३।३८ | ३७१३८१ | ३७१३८१ | १००००० | ३७१३८१ | ३७१३८१ | ४५० |
| ११११९५६०४ | १५३५४६४७ | १०४०७१९३ | १९२६१२७ | १४२००७६२।१३ | १४२००७६२ | ४५५८ |
| | | | | | | |
| २९८७९३४।५३ | २४९७४८१ | १५०१९८१ | १६०७७२ | | | २१० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| घट्टेखोला बहुपयोगी योजना | ३ | ६४२६५०।७ | ४९८०३०।४ | ५५०४५ | ४४९८५ | | | ४५० |
| सिल्का बहुपयोगी योजना | ३ | ६०६६१३९।०१ | १०१९१६० | १०१९१६० | २००००० | ३२२७३४०।८१ | ३२२७३४०।८१ | ५०० |
| जिवजेनी बहुपयोगी योजना | ५ | ७५१८१५।३९ | २६३१२५ | २६३१२५ | ७२१२५ | २६३१२५।६५ | २६३१२५।६५ | २५० |
| **जम्मा :** | | **१०४४८५४०** | **४२७७७९६।४** | **२८३९३११** | **४७७८८२** | **३४९०४६६।४६** | **३४९०४६६।५** | **१४१०** |
| **संस्थागत शौचालय** | | | | | | | | |
| बान्नीचौर मा.बि.. | ३ | १८७४६७९।६७ | १४९६५८३।३५ | ५६६७११ | ४६३३५६ | | | ५४५ |
| सत्यबादी मा.बि. | २ | १८८४७६८।२५ | १४७४४४०।२७ | ५४०५४० | ४८००००।२३ | | | ५४५ |
| चन्द्रोदय मा.बि. | ५ | १८५३०७१।७१ | १४८०७११।०० | ५५९४८३ | ७३९४८३ | | | ४०५ |
| जनप्रिय नि.मा.बि. | ४ | ११६७९१६।४६ | ८८४२४५।४८ | १४३५८९ | २५१७९५ | | | १७६ |
| जनजागृति प्रा.बि. | ३ | ११५८२०९।९ | ९२६९१३ | २७९३९९ | १२६५७४ | | | १०६ |
| **जम्मा** | | **७९३८६४६** | **६२६२८९३।१** | **२०८९७२२** | **२०६१२०८।२३** | | | **१७७७** |
| **सुधारिएको पानी घट्ट** | | | | | | | | |
| घोगालीखोला सुधारिएको पानी घट्ट | १ | २५३१०६.९ | १६१६०६।०० | १७४८३ | १८१२५ | | | ३४२ |
| गडेलपानीमुल | २ | २२३८७२।२८ | १३६५६३।०१ | १४४३८ | १८१२५ | | | ३०६ |
| नाउतोला सुधारिएको पानी घट्ट | २ | २४६९५४।८९ | १५७५०५।९२ | १८३८० | १८१२५ | | | १६२ |
| बामनडाँडा सुधारिएको पानी घट्ट | ३ | २३५२५१।५८ | १५९३८९।४३ | १८१६८ | १८१२५ | | | २९४ |
| **जम्मा** | | **७०६०७८।७५** | **६१५०६४।३६** | **६८४६९** | **७२५००** | | | **११०४** |
| **सुधारिएको चुल्हो** | | | | | | | | |
| देउबाँझ वि सुधारिएको चुल्हो | ३ | ६३७१३४।५७ | ४५४४०४ | ४५४४०४ | १८२८०९।१५ | | | ७५० |
| सिल्का कोटशैन समदेउ सुधारिएको चुल्हो | ३ | ५५६१९० | ३७२३६९ | ३७२३६९ | १४८८९९।१२ | | | ७५० |
| **जम्मा :** | | **११९३३२४।६** | **८२६७७३** | **८२६७७३** | **३३१७०८।२७** | | | **१५००** |



GOVERNMENT OF NEPAL EUROPEAN UNION Ministry for Foreign Affairs of Finland पा ना

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| **चागं जुठ्यान योजना** | | | | | | | | |
| कुलिभान खानेपानी योजना | १ | ९७८४० | ३९९८० | ३९१३६ | १९९९० | ५७८६० | ५७८६० | ३५६ |
| माझगाउ सार्कीटोल खानेपानी योजना | १ | १३०३०० | ५२१२० | ५२१२० | २६०६० | ७८१८० | ७८१८० | ६५६ |
| देउबाँझ वि खानेपानी योजना | ३ | ११५५४० | ११३२२५ | ११३२२५ | २३१०८ | | | ५६२ |
| पैराखोला खानेपानी योजना | १ | | ७६०५१ | ४६०५१ | २३०२५।५ | | | ३७५ |
| **जम्मा** | | ३४३६८० | २८१३७६ | २५०५३२ | ९२१८३।५ | १३६०४० | १३६०४० | १९४९ |
| बाल्टीन सहयोग | ३ | १६०००० | १६०००० | १६०००० | १६०००० | | | १६० |
| कुल जम्मा रु. | | ३१८२५८७२।८ | २७६१८५४९।८६ | १६६४२०००।० | ५१२१६०९।० | १७८२७२६८।५९ | १७८२७२६८।५९ | १२४५८।० |

## अनुसूची २ : यस आ.व.मा संचालित तालिमहरुको विवरण

| क्र.सं. | सञ्चालित तालिमको नाम | वडा नं. | तालिमको अवधि | तालिम संख्या | दलित महिला | दलित पुरुष | जनजाती महिला | जनजाती पुरुष | अन्य महिला | अन्य पुरुष |
|---|---|---|---|---|---|---|---|---|---|---|
| **खानेपानी योजना चरणवद्ध कार्यपद्धति वमोजिमका तालिम** | | | | | | | | | | |
| १ | उपभोक्ता समितिलाई अभिमुखिरकण | २,३ | १ दिन | ४ | ६ | ५ | ० | ० | १६ | २२ |
| २ | लैङ्गिक समानता तथा सामाजिक समानता अभिमुखिकरण | २,३ | १ दिन | २ | ६ | ४ | ० | ० | ५ | ६ |
| ३ | घरबारी व्यवस्थापन तालिम | २,३ | १ दिन | ३ | ५ | ५ | ० | ० | १५ | १३ |
| ४ | आर्थिक व्यवस्थापन तथा खरिद अभिमुखिकरण | २,३ | १ दिन | ५ | १० | ८ | ० | ० | २२ | २२ |
| ५ | मर्मत सम्भार तथा पानी सुरक्षा योजना अभिमुखिकरण | २,३ | १ दिन | ५ | १० | ८ | ० | ० | २९ | २२ |
| ६ | सामुदायिक कार्ययोजना तयारी तथा अभिमुखिकरण | २,३ | १ दिन | ५ | १० | ११ | ० | ० | ३८ | ३९ |
| ७ | निर्माण पूर्वको गोष्ठि | २,३ | १ दिन | ३ | ३ | ८ | ० | ० | ३१ | १८ |
| ८ | निर्माण अवधिको गोष्ठी | २,३ | १ दिन | ४ | ३ | ३ | ० | ० | २३ | २५ |
| ९ | लेखा व्यवस्थापन पूर्न ताजकिय तालिम | २,३ | १ दिन | १ | ० | ० | ० | ० | १० | ८ |
| १० | निर्माण पश्चातको गोष्ठी सार्वजनिक परिक्षण | १ | २ दिन | ४ | २ | १ | ० | ० | ३३ | २४ |
| ११ | पानी सुरक्षा योजना तथा मर्मत सम्भार कार्ययोजना कार्यविधि तालिम | १ | ३ दिन | ४ | १ | १ | ० | ० | ३० | २३ |
| १२ | आधारभुत सरसफाई तथा सरसफाई तथा स्वच्छता सम्बन्धि धारा आमा समूहलाई तालिम | १ | १ दिन | ४ | २ | ० | ० | ० | १७४ | १८ |
| १३ | योजनाको खरिद समितिलाई योजनाको खरिद तथा व्यवस्थापन सम्बिन्ध तालिम | २,३ | ३ दिन | १ | १ | १ | ० | ० | २ | ५ |
| **सरसफाइ, स्वच्छता,महिनावारी व्यवस्थापन र जनचेतना सम्बन्धी तालिमहरु** | | | | | | | | | | |
| १ | पूर्ण सरसफाईका लागी प्रज्वलक तालिम | गा.पा.स्तरमा | ३ दिन | १ | ० | ० | ० | ० | ३ | १ |
| २ | विद्यालय वाल क्लवलाई पूर्ण सरसफाई सम्बन्धि तालिम तथा विद्यालय WASH Plan तयारी | विद्यालय स्तरमा | १ दिन | ४ | ७ | ४ | ० | ० | ५६ | ५३ |
| **जिवीकोपार्जन तथा सहकारी विकाससंग सम्बन्धित तालिमहरु** | | | | | | | | | | |
| १ | नर्सरी नाईके तालिम | गा.पा.स्तरमा | ५ दिन | १ | ० | ० | ० | ० | ० | ६ |
| २. | अगुवा कृषक तालिम | गा.पा.स्तरमा | ५ दिन | ० | ० | ० | ० | ० | ३ | ११ |
| ३ | सहकारी ऋण लेखा तथा कार्यालय व्यवस्थापन तालिम | जिल्ला.स्तरमा | ६ दिन | ० | ० | ० | ० | ० | ५ | २ |
| ४ | च्याउ उत्पादन सम्बन्धि तालिम | गा.पा.स्तरमा | ३ दिन | १ | | | | | ५ | १ |
| ५ | घरबारी व्यवस्थापन तालिम | १,२ र ३ | ३ दिन | ६ | ६ | ५ | ० | ० | ९३ | २३ |



GOVERNMENT OF NEPAL EUROPEAN UNION Ministry for Foreign Affairs of Finland पा ना

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ६ | घरबारी व्यवस्थापन पुर्नताजकिय तालिम | वडा नं १ | १ दिन | २ | ० | ० | ० | ० | ४० | ५ |
| **स्थानीय स्रोत व्यक्ति र ग्रामीण मर्मत संभार लगायत प्राविधिक तालिमहरु** | | | | | | | | | | |
| १ | ग्रामिण मर्मत सम्भार कार्यकर्ता तालिम | गा.पा.स्तरमा | ९ दिन | १ | १ | ० | ० | ० | ० | ७ |
| ३ | स्थानिय स्रोत व्यक्ति तालिम | PSU | ५ दिन | | | | | | २ | ० |
| **जलउपयोग तथा जीविकोपार्जन कार्यान्वयन गुरुयोजनासंग सम्बन्धित तालिमहरु** | | | | | | | | | | |
| १ | जलउपयोग तथा जिविकोपार्जन कार्यान्वयन सम्बन्धि वडा स्तरिय योजना तजूमा कार्यक्रम | वडा स्तरमा | २ दिन | ७ | १६ | ९ | ० | ० | १०८ | ११८ |
| २ | जलउपयोग गुरुयोजना जिविकोपार्जन कार्यान्वयन सम्बन्धि गाउँपालिका स्तरिय योजना प्राथमिकिकरण तथा तर्जुमा कार्यक्रम | गाउँपालिका स्तरमा | ३ दिन | १ | ६ | ४ | ० | ० | १३ | ४४ |
| **नवीकरणीय उर्जा तथा जलवायु परिवर्तन संग सम्बन्धित तालिमहरु** | | | | | | | | | | |
| १ | जलवायु परिवर्तन अनुकुलन तथा जोखिम न्यूनिकरण तालिम | गा.पा. | ३ दिन | १ | २ | ३ | ० | ० | २२ | २० |
| २ | सुधारिएको चुल्हो निर्माण तालिम | गा.पा.स्तरमा | ५ दिन | १ | १ | ० | ० | ० | १ | २ |
| **गाउँपालिका तथा जिल्ला स्तरीय क्षमता विकास तालिमहरु** | | | | | | | | | | |
| १ | योजनाको दिगो व्यवस्थापन समबिन्ध तालिम | १ | ३ दिन | १ | ० | ० | ० | ० | २ | ८ |
| २ | योजनाको दिगो व्यवस्थापन पूर्नताजकिय तालिम | १ | २ दिन | १ | १ | १ | ० | ० | ६ | १० |
| ३ | निर्णय प्रक्रियामा बिषयक कार्यशाला गोष्ठी | गा.पा.स्तरमा | ३ दिन | १ | २ | ० | ० | ० | ३३ | ० |

**अनुसूची २.१ : परीयोजना द्वारा तेस्रो चरणमा सम्पन्न भएका योजनाहरु MUS/WSS तथा अन्य योजनाहरुको अवस्था**

| क्र.स. | योजनाको नाम ठेगाना | योजना सम्पन्न बर्ष | योजनाको कुल लागत उ.स.को सहभागीता समेत | योजनाको प्रकार | उ.स.का अध्यक्षको नाम | मर्मत सम्भारकोषको रकम | योजनाको अवस्था | कैफीयत |
|---|---|---|---|---|---|---|---|---|
| १ | पैराडी खानेपानी तथा सरसफाई योजना | २०७४ | ४६३७१३२।३७ | WSS | मलु सार्की | ६३००० | सञ्चालनमा | |
| २ | पनालेखोला खानेपानी तथा सरसफाई योजना | २०७४ | २७९२८५०।६० | WSS | रामभक्त गिरी | ५३६०० | सञ्चालनमा | |
| ३ | पैराखोला खानेपानी तथा सरसफाई योजना | २०७५ | ४१२१४८७।८७ | WSS | मंगल धामी | ७८५०० | सञ्चालनमा | |
| ४ | फुटाढुगां खानेपानी तथा सरसफाई योजना | २०७५ | २७७२९१२।२९ | WSS | अम्मर राज भण्डारी | ३६००० | सञ्चालनमा | |
| ५ | बान्नीचौर मा.बि.खानेपानी तथा सरसफाई योजना | २०७५ | ५३६२१६।२१ | WSS | धौल्या बोहरा | ७००० | सञ्चालनमा | |
| ६ | सत्यवादी मा.बि. खानेपानी तथा सरसफाई योजना | २०७५ | ५२४८०३।२६ | WSS | झलक कडायत | ७००० | सञ्चालनमा | |
| ७ | परिङ्गाल बहुउपयोगि सिचाई योजना | २०७५ | ३२८६१५९।२६ | MUS | बर्मानन्द गिरी | ६०००० | सञ्चालनमा | |
| ८ | घट्टेखोला बहुउपयोगि योजना | २०७५ | ६४२६१९।८७ | MUS | कल्यान उपाध्याय | ८५०० | सञ्चालनमा | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ९ | घोगालीखोला सुधारिएको पानी घट्ट योजना | २०७५ | ८७८४८।०५ | IWM | जनक धामी | | सञ्चालनमा | |
| १० | गडेल पानीमुल सुधारिएको पानी घट्ट योजना | २०७५ | २२४०३७५७ | IWM | धर्म बहादुर कडायत | | सञ्चालनमा | |
| ११ | बामनडाँडा सुधारिएको पानी घट्ट योजना | २०७५ | २६९३९०।२६ | IWM | पवन सार्की | | सञ्चालनमा | |
| १२ | नाउतला सुधारिएको पानी घट्ट योजना | २०७५ | २५६८३९।९६ | IWM | धन बहादुर कडायत | | सञ्चालनमा | |
| १३ | वान्नीचौर मा.वि. विद्यालय शौचालय योजना | २०७५ | १८७०७२९।१९ | School Toilet | धौल्या बोहरा | | सञ्चालनमा | |
| १४ | सत्यवादी मा.वि. विद्यालय शौचालय योजना | २०७५ | १८४३०५०।३३ | School Toilet | झलक कडायत | | सञ्चालनमा | |
| १५ | चन्द्रोदय मा.वि. विद्यालय शौचालय योजना | २०७५ | १८५०८८९।८९ | School Toilet | दिनेस पण्डित | | सञ्चालनमा | |
| १६ | जन प्रिय नि.मा.वि. शौचालय योजना | २०७५ | ११०५३०६।८५ | School Toilet | प्रेम बहादुर थापा | | सञ्चालनमा | |
| १७ | जनजगृती आर्दश सामुदायिक प्रा. वि. शौचालय योजना | २०७५ | ११५८६४२।३९ | School Toilet | सरस धामी | | सञ्चालनमा | |
| १८ | देउबाँफ्र वि सुधारिएको चुल्हो योजना | २०७६ | ६३७१३४।५६ | ICS | धन बहादुर धामी | | सञ्चालनमा | |
| १९ | सिल्का कोटशैन समदेउ सुधारिएको चुल्हो योजना | २०७६ | ५५६१९०।०० | ICS | देविकास सिंह | | सञ्चालनमा | |
| २० | देउबाँफ्र वि चाङ जुठ्यान योजना | २०७६ | ११३२२५।०० | | धन बहादुर धामी | | सञ्चालनमा | |
| २१ | पैराखोला चागजुठ्यान योजना | २०७५ | ८२६६४।२१ | | मंगल धामी | | सञ्चालनमा | |
| २२ | पनलेखोला खानेपानी चाँग जुठ्यान योजना | २०७४ | ३२८०० | | रामभक्त गिरी | | सञ्चालनमा | |

**अनुसूची २.२ : गत वर्ष ०७४।०७५ सम्मको पेश्की/वेरुजु वांकीको अवस्था**

| कुल पेश्की/वेरुजु रकम रु | कुल फर्छ्यौट पेश्की/वेरुजु रकम रु | फर्छ्यौट भइ वांकी पेश्की/वेरुजु रकम रु | कैफीयत |
|---|---|---|---|
| शुन्य | शुन्य | शुन्य | |



GOVERNMENT OF NEPAL

EUROPEAN UNION

Ministry for Foreign Affairs of Finland

## अनुसूची २.३ : आर्थीक बर्ष ०७५।०७६ मा थप भएको समेत कुल पेश्की/बेरुजु वांकीको अवस्था

| आ.व.०७४।०७५ सम्मको पेश्की/वेरुजु रकम मध्ये०७५।०७६ मा फर्छ्यौट भई सो आ.व.को खुद बांकी रहेको पेश्की/वेरुजु रकम रु | यस बर्ष थप भएको पेश्की रकम रु | यस बर्ष थप भएको समेत ०७५।०७६सम्मको कुल पेश्की तथा वेरुजु वांकी रकम रु | कैफीयत |
|---|---|---|---|
| शुन्य | शुन्य | शुन्य | |

## खानेपानीले फेरियो गुरेलथुम गाउँको मुहार

कहाँनी बेग्लै थियो गुरेलथुम गाउँको साविकको मटेला गा.वि.स.को वडा नं.६ को सुख्खा डाँडामा रहेको उक्त बस्तीमा १५ घरघुरि
र ३८ घरघुरी धामी परिवार गरि जम्मा ५३ परिवार रहेको यस गाउँका मानिसलाई पानी तिर्खाले सताई रहेको हुन्थ्यो । सबेरै उठेर बाहि
नजर तलपट्टी कलकल बगिरहेको सेती नदिमा पर्‍यो, कहिले उल्लदो सेती नदि त कहिले सँग्लो पानी बगीरहेको देख्दा यहाँका मानिसक
रसायर आउथ्यो । लहरे बाली र तरकारी खेतीको प्रचुर सम्भावना बोकेको यस गाउँका मानिसले पशुपालन पनि त्यतिकै मात्रामा
बिडम्बना गाउँ नजिकै पानीको स्रोत र खानेपानीको व्यवस्था नहुनाले यहाँका गाई बस्तुले पनि धित मरुन्जेल कहिलै पानी खान पाएनन



गाउँमा गएर ९४ बर्षिया उजली धामीलाई सोध्दा उहाँ लगायत अन्य महिलाहरुको कहाँनी सुन्दा आँखा रसायर आउँछ । पुष माघको हिमपात होस या साउनको झरी जेहोस रातभरि पानीको चिन्ताले पिरोली रहन्थ्यो । खानेपानीको लागी बस्ती नजिकै कहिँ कतै पानीको स्रोत थिएन । "आकासको ताराको भरमा बिउँझिदै कसैलाई थाहा नहुनेगरी डोकोभरी तामाको गाग्री र भाँडाकुडा बोकेर १ घण्टाको पन्यारी डाँडा भिरको बाटो बिनाउज्यालो हिडदै **कैसीमाडु नाउला** पुग्दा पानी भर्नेको भिड हुन्थ्यो" भन्नुहुन्थ्यो **उजली धामी** जेन तेन गरेर थोपा थोपा पानी सँगादै एक



गाग्री पानी भरेर कहिले अँध्यारोमै घर पुगिन्थ्यो भने कहिले ४ घण्टा जति नाउलामै कुर्नु परथ्यो । घरमा खान र गाई बस्तुभाउकालागी पानी बोक्दै एक जनाको दिनचर्या त्यसैमा बित्थ्यो । साहै अप्ठयारो पन्या
बाटोमा चिप्लीयर कति महिला घाईते भएका थिए भने सयौ पानीको गाग्री खसेर खोला पुगे
त्यसैगरी यसै गाउँका ८६ बर्षिया रामचन्द धामीको कहाँनी पनि पानीकै अभावका कारण बस
खुवाउने चिन्ताले पिरोली रहन्थ्यो । स्थानिय बासी रामचन्द धामीका भनाई अनुसार **"गाउँबा
रहेको घोगालीखोलामा गाई भैसी पानी खुवाउनका लागी सल्लाघारी भिरबाट लग्नु परथ्यो ।
बाटो भएका कारण भिडभाडले गर्दा भाडले कैयौ दिन भिरबाट लडेकै हुन्थे । पानी खुवाउन ल
घर कसरी पुर्‍याउने चिन्ता एक तर्फ थियो भने खोला पुगेका गाई गोरुले पनि भिडभाडव
मरुन्जेल पानी नखाई घरमा आउने अवस्था अर्को बिडम्बना थियो । यसै गरी २ जना
दिनचर्या पानीमै बितेको हुन्थयो ।"** २०३६ साल तिर पञ्च्यातको पालामा बिदेशी दातृ निका
पैराखोला मुहानबाट गाउँमा खानेपानीको व्यवस्था त भयो गाउँभरी जम्मा २ वटा धारा
क्षमता कम त्यसैमा बेला बेला बिग्रने पानी चुहावट हुने भएकाले यहाँका बासीन्दाले प्रयाप्त मात्रामा खानेपानी पाई रहेको अनुभुति भ
भएको दिन १ घण्टा हिडेर पैराखोलाबाट बोकी खानु हुन्थयो यति गर्दा पनि यहाँका महिलाहरुको पिठयुमा पानीको गाग्री सहितको
पाएनन् ।



२०६३/०६४ साल तिर बझाङ्ग जिल्लामा ग्रामिण जलस्रोत व्यवस्थापन परियोजना लागु भयो । विभिन्न स्थानिय तहहरुमा काम गदै जाँदा साविकको मटेला गा.वि.स.मा पनि जलउपयोग गुरुयोजना तयार गरेपछि टोलको समस्यालाई प्राथमिकिकरणमा गर्दा पैराखोला खानेपानी योजना गुरुयोजनामा समेटिन गई सञ्चालन हुने क्रममा पुग्यो । पानीको पिडा भोगी रहेका पानीको लागी तछाड मछाड गरिरहेका यस बस्तीका बासीन्दामा खुसियाली त छायो । तर बिडम्पना पानीको क्षमताका आँकलन नै नगरी पानीको सहि व्यवस्थापन नगरी प्रयोग गरिरहेको बानीले २ गाउँलाई पानी पुग्दैन भन्दै बोहरा गाउँ र धामी गाउँको बिबादले बन्न लागेको योजना २ बर्ष सम्म स्थिगित हुन पुग्यो । त्यसपछि परियोजनाको ठुलो मिमिनेत र समुदायमा पछिल्लो चरण आएको सकारात्मक परिवर्तनले आ.व.२०७४/०७५ बाट उपाभोक्ता समिति गठन गरि खानेपानी योजना सञ्चालन भयो । त्यस
बस्तीको समुदायका सबै मानिस लाई सुरक्षित पानी उपलब्ध गराउने र गाइ बस्तुभाउलाई पनि पानी पुरयाई खेरगएको र बढिभएक
गरि नगदे लहरेबाली र तरकारी खेतीमा प्रयोग गर्ने गरी योजनाको डिजाईन इष्टिमेट गरी खानेपानी योजनाको निर्माण कार्यको थालि
।



पानीको तिर्खाले पिरोलिएका यस बस्तीका समुदायले मिहिनेतका साथ खानेपानीको योजनामा काम गर्दै माथिल्लो गाउँमा प्रयोगकर्ता मैती एक सामुहिक धारा, सँगै पोखरी र गाईबस्तुलाई पानी खाने डुड सहितको संरचना निर्माण भयो । भने तल्लो गाउँमा पनि पानी पोखरी र डुड सतिको धारा लगायत विद्यालय र अन्य टोलमा सहित ७ वटा खानेपानीको धारा समेत निर्माण भए सँगै सबै धारामा खल्खल्ती पानी बगेर खेर गएको पानी पोखरी र डुडमा जम्मा भएपछि । गाउँमा खुसियाली छाए सँगै दिनभरी पानी बोक्दै गएको जीवन मर्नेबेला गाउँपालिका/ ग्रामिण जलस्रोत व्यवस्थापन परियोजनाको सहयोग र सहयोगी संस्था GSTDS को सहजीकरणले गर्दा सफा, सँग्लो स्वच्छ पानी धित मरुन्जेल हामीले पनि पानी खान पायौ बस्तभाउले पनि पानीको तिर्खा मेटाए मर्नेबेला यहि पानी खाएर मर्न पाईने भयो भन्दै स्थानिय बासी ६० बर्षिया रन बहादुर धामीले खुसि व्यक्त गर्नु भयो । रन बहादुर धामी सँगै सबै समुदायका मानिसले पानीको तिर्खामेटाउदै घरमै लुगाधुन पाएको गाई भैसीले सहजै रुपमा



खानेपानी पोखरीा पानीले तरकारी खेती गर्न पाउँदा सबै गाउँ बासिमा खुसियालली छाएको छ । **"खानेपानी योजना सम्पन्न सँगै समुदायलाई पूर्ण सरसफाई तिर उन्मुख गर्नको लागी हामीलाई पानी सुरक्षा योजना तालिम दिएपछि खानेपानी योजनामा पानी सुरक्षा योजना लागु गरि योजनामा काम गरेका सबै घरधुरीबाट२ दिनको ज्याला कटाएर स्वच्छ खानेपानीको लागी ५३ वटै घरधुरीमा खानेपानी उपभोक्ता समितिले फिल्टर वितरण गर्दा सबै उपभोक्ताले स्वच्छ खानेपानीमा सबैको पहुँच पुगको छ ।" भन्नु हुन्छ उपभोक्ता समितिका अध्यक्ष मंगल बहादुर धामी** योजनको दिगोपना र पानी सुरक्षा योजना कार्यन्वयनका लागी उपभोक्ता समितिले मर्मत सम्भारकार्यविधि र पानी सुरक्षा योजना कार्यविधि तयार गरि मर्मत सम्भार कार्यकर्ता नियुक्त गरि परिचालन र नियमित पानी शुल्क संकलन गर्दै योजनाको दिगोपनालाई मध्यनजर गर्दै नियमित रुपमा धारामा सुरक्षित पानी उपलब्ध गराएको छ। यति मात्र होईन नगदेबाली , लहरेबाली र तरकारी खेतीको प्रचुर सम्भावना बोकेको यस बस्तीमा खेरगएको पोखरीको पानीलाई प्रयोग गरि तरकारी खेती र लहरे खेती गर्दै आएका छन् यहाँका बासिन्दा जस्ले गर्दा पोषण स्थितमा सुधार आउनुका साथै आयआर्जनमा समेट खानेपानी योजनाले टेवा पुगेको छ ।



खानेपानी योजना सम्पन्न सँगै परियोजनाले यस क्षेत्रमा पूर्ण सरसफाई क्रियाकलापहरु सञ्चालन गर्दै गर्दा घर घरमा पक्की चांग र जुठयान निर्माण, गोठेमल व्यवस्थापन, साबुनपानीले हात धुने आनीबानीको विकास, सुरक्षित खाना, सफा पानीको घरयासी र वातावरणिय सरसपाई सुचकहरु पुरागरेकोले यस बस्ती लाई २०७६ साल जेष्ठ २८ गतेका दिन पूर्ण सरसफाई टोलको रुपमा समेत घोषणा समेत गरिएको छ । अहिले खानेपानी र पूर्ण सरसफाईको लागी नमुना टोल बन्न पुगको छ गुरेलथुम गाउँ जस्ले गर्दा स्थानिय बासी र जनप्रतिनिधिमा खुसियाली छाउनका साथै छविस पाथिभेरा गाउँपालिकाले समृद्धिको बाटोमा फटको मादै अगाडी बढने भएको छ ।

धन बहादुर बोहरा
फिल्ड संयोजक
सामाजिक तथा प्राविधिक विकास सेवा समूह
छविस पाथिभेरा गाउँपालिका/ग्रामिण जलस्रोत व्यवस्थापन परियोजना बभाङ्ग

## व्यवसायिक खेती तिर उन्मुख कँडेल बासी

बझाङ्ग जिल्लाको छबिस पाथिभेरा गाउपालिका अन्तरगत बडा नं.३ का बिभिन्न टोलहरुमा बसोबास गर्दै आईरहेका कृषकहरुले आफनो खेत बारीमा सिजन अनुसारका खेतीपाति गर्ने र घर नजिकको जमीनमा सानो तिनो तरकारी खेती गरेको देखिन्थ्यो अव्यवस्थित तरीकाको खेती झारपात भएको सबै खालका तरकारीहरु एउटै बारीको एउटै प्लटमा खेती गरेको र घर नजिकको जमीनमा बढी मात्रामा अन्न बाली लगाएको देखिन्थ्यो ।



छबिस पाथिभेरा गाउपालिका र ग्रामिण जलस्रोत व्यवस्थापन परियोजनाको आयोजनाबाट छबिस पाथिभेरा गाउपालिका वडा नं. ३ मा मिति २०७५ साल जेस्ठ महिनामा २० वटा प्लास्टिक घर निर्माण गरी २० जना कृषकहरुलाई २०७५ साल असार २० गते देखी २४ गते सम्म पाँच दिने क्षमता बिकास तालिम समेत दिई प्लास्टिक घर भित्र र बाहिर सिजन अनुसारका तरकारी खेती गर्ने तरीका रोग किरा व्यवस्थापन गर्ने तरीकाहरु गोठेमल व्यबस्थापन तथा प्रयोग बिधी मानव मुत्र संकलन तथा प्रयोग गर्न लाउने बोट बिरुवाको काटछाट गर्ने गोडमेल गर्ने थाक्रा लगाउने जस्ता स साना कुराहरु तर जसले उत्पादनमा ठुलो असर गरीरहेका हून्छन । यि बिषय बस्तुलाई नियमित रेखदेख सुझाव सल्लाह परामर्श दिनकालागी हामीले प्लास्टिक घर अनुगमन बोर्ड राखेर कृषक घरमा नभएको बेला पनी बोर्डमा लेखीएको आधारमा बारीको हेरचाह गर्न सजिलो भएको छ । भने सिकेचर आरी टेप थर्मोमिटर क्यारेट स्पेरीयर पानी बितरण गरी प्रयोगमा ल्याएका छन ।



अहिले तालिम प्राप्त अगुवा कुषकहरुले टमाटर उत्पादन गरीरहेका छन गत बर्ष प्रत्यक प्लास्टिक घरबाट न्यनतम ७०० कि ग्रा देखी अधिकतम १४०० कि ग्रा सम्म टमाटर उत्पादन गरेका थिए भने अहिले कसैले टमाटर त कसैले भेडे खर्सानी खेती गरीरहेका छन । हाल प्रति अगुवा कृषक बार्षिक रु २०,०००। देखी ६०,०००। सम्म आम्दानी उपाध्यायले बताउनु भयो । भने वडा अध्यक्ष केशवराज



अगुवा कृषक बिस्णु प्रशाद जोशी बताउनु हुन्छ **"म प्रत्यक दिन बिहान ४ बजे उठ्छु र तरकारी खेती बारीको काम गर्छु र मलाई तरकारी किनेर खानु पर्दैन म जहिले पनी अरु गाउँका बासिन्दाहरुलाई पनी तरकारीका बोटहरु लगाउन बितरण गदै आएको छु । अहिले तरकारी खेतीबाट राम्रो आमदानी हुनुका साथै आफु लगायत अन्य २० घरधुरीका किसान उद्यमी बनेको कुरा हामीलाई सुनाउनु हुन्छ" ।**

पछिल्लो समय तरकारी उत्पादनले कृर्षकमा हौसला छाउनुका साथै अरुले गरेको उत्पादन देखेर तरकारी खेती गर्ने सोच गदै कृषकहरुले गाउपालिका र ग्रामिण जलस्रोत व्यवस्थापन परियोजनाले अझ अरु थप बिउ बिजन र कृषिक सामाग्रीको सहयोगको अपेक्षा पनी राख्दै आएका छन ।

गगन बहादुर धामी
जिविकोपार्जन प्रवद्धक
सामाजिक तथा प्राविधिक विकास सेवा समूह
छविसपाथिभेरा गा.पा. ग्रामिण जलस्रोत व्यवस्थापन परियोजना बझाङ्ग

## अनुसूची ४ : भिजिबिलिटी

गाउँपालिका अन्तर्गत ग्रामीण जलस्रोत व्यवस्थापन परियोजनाका क्रियाकलापहरुको उपभोक्ता, सरोकारवाला तथा आम जनमानसमा सन्देश प्रवाह गर्नको लागि यस आर्थिक वर्षमा तपसील बमोजिमका माध्यमबाट प्रचार प्रसार गरिएको छ ।

| क.सं. | माध्यम | प्रसारण गरिएको विषयवस्तु |
|---|---|---|
| १ | पत्रपत्रिका | विद्यालयमा मेसिनबाट सेनिटरी प्याड उपलब्ध |
| २ | बुलेटिन | परियोजनाले गरेका सम्पूर्ण गतिविधि, सफलताका कथा र घटना अध्ययनहरु |
| ३ | रेडियो | परियोजनासंग सम्बन्धित अर्न्तवार्ता, कार्यक्रम सम्बन्धि सुचना तथा समाचार प्रसारण, रेडियो छविसपाथिभेरा सेरोफेरो कार्यक्रम |
| ४ | टेलिभिजन | परियोजनाले गरेका सम्पूर्ण गतिविधिहरुको डकुमेन्ट्रि प्रसारण |
| ५ | सामाजिक सञ्जाल | गाउँपालिकामा परियोजनाले गरेका गतिविधिको प्रसारण |
| ६ | प्रदर्शनी | आलु चिप्स तथा दालमोट उत्पादनको प्रर्दशनी, कृषि मेला प्रर्दशनी |
| ७ | दृष्य सामग्रीहरु | योजना बोर्डहरु, ब्यानर तथा फ्ल्याक्सहरु, योजनामा भित्तेलेखन |
| ८ | श्रव्य दृष्य सामाग्रीहरु | नेपाल टेलिभिजनमा परियोजनाले गरेका सम्पूर्ण गतिविधिहरुको प्रसारण, |
| ९ | अन्य सूचना शिक्षा सञ्चार सामाग्रीहरु | पूर्ण सरसफाई सम्बन्धि कार्यक्रम सञ्चालनको सुचना तथा समाचार |

## अनुसूची ५ : जनशक्ति विवरण

| क.स. | कर्मचारीहरुको नामथर | पद | नियुक्ति मिति | कैफियत |
|---|---|---|---|---|
| १. | भेष राज पाध्या | गाउँपालिका जलस्रोत अधिकृत | २०७५।०५।११ | |
| २. | हेम बहादुर प्रजा | प्राविधिक सहजकर्ता | २०७५।०८।०१ | |
| ३. | धन बहादुर बोहरा | फिल्ड संयोजक | २०७५।०९।१६ | |
| ४. | नर बहादुर बोहरा | सब ईन्जिनियर | २०७५।०९।१६ | |
| ५. | गगन बहादुर धामी | जिविकोपार्जन प्रर्वद्धक | २०७५।०९।१६ | |
| ६. | बसन्ती भण्डारी | सरसफाई स्वच्छता प्रर्वद्धक | २०७५।०९।१६ | |
| ७. | सुनिता बुढा | सरसफाई स्वच्छता प्रर्वद्धक | २०७५।०९।१६ | |
| ८. | दल बहादुर कठायत | जलस्रोत प्राविधिक | २०७५।०९।१६ | |
| ९. | सवास बहादुर धामी | जलस्रोत प्राविधिक | २०७५।०९।१६ | |
| १०. | सरोजा कठायत | स्थानीय स्रोत व्यक्ति | २०७५।१०।०१ | |
| ११. | ईश्वरी सोती | स्थानीय स्रोत व्यक्ति | २०७५।१०।०१ | |
| १२. | विरेन्द्र बहादुर सिंह | सरसफाई सहजकर्ता | २०७५।१०।०१ | |
| १३. | सारदा कठायत | सरसफाई सहजकर्ता | २०७५।१०।०१ | |
| १४. | प्रकास बहादुर अयडी | (WASH) तथ्यांक संकलन संयोजक | २०७५।१०।०१ | |
| १५. | दिव्यश्वरी शर्मा | (WASH) तथ्यांक संकलन सहजकर्ता | २०७६।०१।०१ | |